कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प:.सं. २०८१/०८२ (खरिद तथा जिन्सी उपशाखा )

च:.नं.

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

मिति : २०८१/०८/१६

**विषय: प्रस्ताव पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

**(दोस्रो पटक प्रकाशित )**

कोहलपुर नगरपालिकाको आ. व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तरगत "हाम्रो कोहलपुर" स्थानीय पाठ्यक्रममा आधारित (कक्षा ६-८) को सन्दर्भ सामग्री निर्माण कार्यक्रम अन्तरगत कक्षा ६ देखि ८ सम्मको स्रोत वा सन्दर्भ सामग्री लेखनका लागि सेवा प्रदायक संस्था छनौट गर्नु पर्ने भएकाले तपसिल बमोजिमको मापदण्डको अधीनमा रही सूचना प्रकाशन भएको मितिले ५ (पाँच) दिनभित्र दर रेट सहितको शीलबन्दी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल :**

१. कार्यक्रमको शीर्षक : "हाम्रो कोहलपुर" स्थानीय पाठ्यक्रममा आधारित (कक्षा ६-८) को सन्दर्भ सामग्री लेखन

२. मुख्य कार्य तथा जिम्मेवारी : स्थानीय पाठ्यक्रमको विषयवस्तुमा आधारित रही कक्षा ६, ७ र ८ को "हाम्रो कोहलपुर" स्रोत/सन्दर्भ सामग्री लेखन

३. विनियोजित बजेट : VAT सहित जम्मा रु. ३०००००/- (अक्षेरुपी तीन लाख रुपैयाँ मात्र)

४. स्रोत सामग्री सम्बन्धी विवरण : आवश्यकता अनुसार रंगीन तथा सचित्र हुनु पर्ने।

५. समय सीमा : २०८१ फागुन मसान्तसम्म अन्तिम मस्यौदा तयार गरी उपलब्ध गराउनु पर्नेछ।

६. प्राज्ञिक पक्ष : आवश्यक विज्ञ तथा प्राज्ञिक जनशक्तिको विवरण पेश गर्नु पर्नेछ। विज्ञहरूको न्यूनतम शैक्षिक योग्यता शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण ।

७. भाषा तथा प्रस्तुतीकरण : नेपाली भाषामा युनिकोड फन्टमा हुनु पर्नेछ।

८. मौलिकता तथा खोजमूलक : स्रोत सामग्री लेखन स्थानीय पाठ्यक्रममा आधारित रहेर मौलिक तथा खोजमूलक तथा स्थानीय विषयवस्तु हुनु पर्ने।

९. Fabrication र Plagiarism को व्यवस्थापन : प्राज्ञिक मापदण्ड बमोजिम हुनु पर्नेछ। २० प्रतिशत भन्दा बढी Plagiarism भएको विषयवस्तु लेख तथा सामग्री स्वीकार गरिने छैन।

१०. सन्दर्भ व्यवस्थापन : APA Style, 8th Edition मा आधारित हुनु पर्नेछ।

११. स्रोत सामग्रीको अन्तिम मस्यौदा तयार गरी छपाइका लागि तयारी प्रति (PRC) को हार्ड कपि र सफ्ट कपि उपलब्ध गराउनु पर्नेछ।

१२. स्रोत सामग्रीको गुणस्तर मौलिकता लगायतको विषयवस्तुको आधारमा सामग्री स्वीकार गर्ने वा नगर्ने अन्तिम निर्णय शाखासँग रहनेछ।

**संस्थाको योग्यता :**

- व्यवसाय दर्ता, कर चुक्ता, नवीकरण र भ्याटमा दर्ता भएको पत्रको प्रतिलिपि
- पछिल्लो आ. व. को लेखापरीक्षण प्रतिवेदन
- स्रोत व्यक्तिहरूको शैक्षिक योग्यता तथा व्यक्तिगत विवरणको कागजातको प्रमाणपत्रको प्रतिलिपिहरू
- अन्य आवश्यक प्रावधानहरू सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन्।

८/१६

.......................

रामबहादुर हमाल

शाखा प्रमुख/उपसचिव

प्रमुख प्रशासकीय अधिकृत